**National News Bulletin**

**July 26, 2024**

**प्रमुख समाचार:**

- आज देशभरि कारगिल विजय दिवस पालन
- भोली प्रधानमन्त्रीले परिचालनक परिषद बैठकको गर्नुहुनेछ अध्यक्षता
- विदेशमन्त्रीद्वारा आसियना-भारत विदेश मन्त्रीहरूको बैठकलाई सम्बोधन
- सर्वोच्च अदालतले 29 जुलाईदेखि सुरु गर्दै छ विशेष लोक अदालत सप्ताह
- पेरिस अलम्पिक 2024 आजदेखि सुरु हुँदै

## Kargil-Day

आज देशभरि कारगिल विजय दिवस मनाइयो। सन् 1999 को कारगिल युद्धमा आफ्नो जीवन बलिदान गर्ने भारतीय सैनिकहरूको बहादुरीप्रति सम्मान जनाउन देशभरि कारगिल विजय दिवस मनाइन्छ। यो दिनले युद्धमा पाकिस्तानमाथि भारतको विजयको उत्सवलाई जनाउँदछ र **अपरेशन विजय**को सफल समापनलाई दर्शाउँछ। यसैबीच, भारतीय सशस्त्र सेनाले जम्मू-कश्मीरको कारगिल जिल्लामा पाकिस्तानी सेना र आतंककारीहरूले घुसपैठ गरेका क्षेत्रहरू पुनः प्राप्त गरेका छन्।

## PM-Governing Council Meeting

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीको राष्ट्रपति भवनको सांस्कृतिक केन्द्रमा नीति आयोगको नवौँ परिचालक परिषद बैठकको अध्यक्षता गर्नुहुनेछ। यस वर्षको बैठकको विषय **"विकसित भारत @2047"** रहेको छ र यो भारतलाई विकसित राष्ट्र बनाउनमा केन्द्रित छ। बैठकमा विकसित भारतको दृष्टिपत्र प्रस्तावमाथि छलफल हुनेछ। नीति आयोगले बताएअनुसार, परिचालक परिषद बैठकको उद्देश्य ग्रामीण र शहरी जनताको जीवन स्तर उकास्न केन्द्र र राज्य सरकारहरूबीचको शासन र सहयोग साझेदारीलाई बढावा दिनु हो। यस बैठकमा विकसित भारतको लक्ष्य हासिल गर्नमा राज्यहरूको भूमिकाबारे पनि विस्तृत छलफल हुनेछ। नीति आयोगले भारत विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने दिशामा रहेको बताएको छ। यसको कुल घरेलु उत्पादन पाँच ट्रिलियन अमेरिकी डलर नाघेको छ। भारतको आकाङ्क्षा सन् २०४७ सम्ममा ३० ट्रिलियन अमेरिकी डलरको अर्थतन्त्र बन्ने रहेको छ। प्रधानमन्त्री नीति आयोगका अध्यक्ष हुनुहुन्छ। अन्य सहभागीहरूमा राज्य र केन्द्र शासित प्रदेशका मुख्यमन्त्रीहरू र उपराज्यपालहरू, केन्द्रीय मन्त्रीहरू र विशेष आमन्त्रित सदस्य र नीति आयोगका सदस्य अनि उपाध्यक्षहरू समावेश छन्।

## Foreign Minister-Asean

विदेशमन्त्री डा. एस जयशंकरले आज भेन्टियानमा आसियान-भारत विदेश मन्त्रीहरूको बैठकको उद्घाटन सत्रलाई सम्बोधन गर्दै, भारतले आसियानसँगको राजनीतिक, आर्थिक र सुरक्षा सहयोगलाई उच्च प्राथमिकतामा राखेको बताउनुभएको छ। उहाँले आसियान भारतको ऐक्ट ईस्ट नीति र हिन्द-प्रशान्त दृष्टिकोणको आधारशिला रहेको पनि बताउनुभयो।

## Supreme Court-Lok Adalat

सर्वोच्च अदालतका न्यायाधीश बी.आर गवईले 29 जुलाईदेखि सुरु हुने सर्वोच्च अदालतको विशेष लोक अदालत सप्ताहमा सहभागी हुन आम नागरिकलाई आमन्त्रित गर्नुभएको छ। आकाशवाणी समाचारसँगको एक विशेष अन्तर्वार्तामा, न्यायमूर्ति गवईले विगतमा विवादहरू सौहार्दपूर्ण रूपमा समाधान गर्ने दिशामा लोक अदालतले उल्लेखनीय सफलता हासिल गरेका सम्बन्धमा प्रकाश पार्नुभयो। उहाँले नागरिकलाई छिट्टै र सस्तो न्याय प्रदान गर्न लोक अदालतले महत्त्वपूर्ण हतियारका रूपमा काम गर्नेमा जोड दिनुभयो। देशका दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिकको हितमा सर्वोच्च अदालतले भिडियो कन्फरेन्समार्फत एकैसाथ लोक अदालत सञ्चालन गर्ने न्यायाधीश गवईले जानकारी दिनुभयो। स्मरण रहोस्, सर्वोच्च अदालतले आफ्नो स्थापनाको ७५ वर्ष पूरा भएको अवसरमा विशेष लोक अदालत सप्ताहको आयोजना गरिरहेको छ।

## Lok Sabha-Budget Discussion

केन्द्रीय बजेट 2024-25 र केन्द्र शासित प्रदेश जम्मू कश्मीरको बजेटमाथि आज लोकसभामा फेरि छलफल सुरु भयो। छलफलमा भाजपाका जुगलकिशोरले यो बजेट आर्थिक र सामाजिक दृष्टिकोणले महत्त्वपूर्ण रहेको बताउनुभयो। कांग्रेसका श्री जय प्रकाशले हरियाणाका बाँकी रहेका परियोजनाहरूमा केन्द्र सरकारले ध्यान नदिएको आरोप लगाउनुभयो अनि कृषकको न्यूनतम समर्थन मूल्यको मुद्दा उठाउँदै, सरकारले यस विषयमा छानबिन गर्न समिति बनाए पनि धेरै किसान सङ्गठनले त्यसमा ध्यान नदिएको बताउनुभयो। भाजपाकी कंगना रनौतले बजेटमा हिमाचल प्रदेशलाई सहयोग गरेकोमा अर्थमन्त्री श्रीमती निर्मला सीतारमणलाई धन्यवाद दिनुभयो। आम आदमी पार्टीका गुरमीत सिंह मीत हेयरले युवा, महिला, किसान र गरिबलाई यस बजेटबाट फाइदा नहुने आरोप लगाउनुभयो। उहाँले भारतीय प्रबन्धन संस्थान,IIM र भारतीय प्रविधि संस्थान, IIT को बजेट कटौती गरेको र मनरेगाको विनियोजन नबढाएकोमा आलोचना गर्नुभयो। शिरोमणि अकाली दलका हरसिमरत कौर बादलले बजेट किसानहरूको चिन्ता हटाउन असफल भएको आरोप लगाउनुभयो।

## Rajya Sabha-Budget Discussion

आज राज्यसभामा पनि २०२४-२५ को आम बजेटमाथि छलफल पुनः सुरु भएको छ। छलफलमा भाग लिँदै, YSRCP नेता एस निरञ्जन रेड्डीले बजेटको प्रशंसा गर्नुभयो। भारतीय कम्युनिष्ट पार्टी-CPI का सदस्य पी. सन्तोष कुमारले बजेट जनविरोधी भएको आरोप लगाउनुभयो। उहाँले राज्यलाई बक्यौता दिनुपर्ने माग राख्दै, बजेटमाथि प्रश्न उठाउनुभयो। उहाँले किसानप्रति समर्पित बजेट ल्याउन माग गर्नुभयो र कृषि क्षेत्रमा विनियोजन निरन्तर घट्दै गएको आरोप लगाउनुभयो। राष्ट्रिय जनता दल-RJD नेता श्री ए.डी. सिंहले देशमा बढ्दो बेरोजगारीको मुद्दा उठाउनुभयो। उहाँले आम बजेटमा कृषि क्षेत्रमा उचित ध्यान नदिइएको बताउनुभयो। भारतीय जनता पार्टीका नेता गुलाम अलीले वर्तमान सरकारको कार्यकालमा भारत पाँचौँ ठूलो अर्थतन्त्र भएको दाबी गर्नुभयो।

## Lok Sabha-Russia Army

सरकारले रूसी सशस्त्र बलमा भर्ती भएका केही भारतीय नागरिकलाई तत्काल रिहाका लागि सहजीकरण गर्न अनुरोध प्राप्त गरेको छ। मस्कोस्थित भारतीय दूतावास र विदेश मन्त्रालय अनि सम्बन्धित रूसी अधिकारीहरूले सबै निवेदनलाई गम्भीरतापूर्वक लिएका छन्। यस महिना रूस भ्रमणका क्रममा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले रूसी सशस्त्र सेनाबाट सबै भारतीय नागरिकलाई तुरुन्त रिहा गर्नुपर्ने आवश्यकता दोहोऱ्याउनुभयो। लोकसभामा एक प्रश्नको जवाफमा विदेश राज्यमन्त्री श्री कीर्तिवर्धन सिंहले अहिलेसम्म करिब १० भारतीय नागरिकले रूसी सशस्त्र सेना त्यागेको बताउनुभयो। विदेश मन्त्रालयले सबै भारतीय नागरिकहरूलाई रूसमा रोजगारी खोज्दा सावधानी अपनाउन आग्रह गरेको छ।

## India- ADPC

भारतले एसियाली आपदा व्यवस्थापन केन्द्र-ADPC को अध्यक्षता सम्हालेको छ। गृह मन्त्रालयले ADPC एसिया र प्रशान्त क्षेत्रमा आपदा जोखिम न्यूनीकरण र जलवायु परिवर्तनमा सहयोग अनि कार्यान्वयनमा केन्द्रित स्वायत्त अन्तर्राष्ट्रिय सङ्गठन भएको जनाएको छ। बंगलादेश, कम्बोडिया, चीन, नेपाल, पाकिस्तान, फिलिपिन्स, श्रीलंका र थाइल्याण्डसँगै भारत ADPC सङगठनको संस्थापक सदस्य हो। मन्त्रालयले आपदा जोखिम न्यूनीकरणको क्षेत्रमा भारतले महत्त्वपूर्ण विश्वव्यापी र क्षेत्रीय नेतृत्वको भूमिका खेलिरहेको जनाएको छ। भारतले यस दिशामा आपदा प्रतिरोधी पूर्वाधारका लागि अन्तर्राष्ट्रिय गठबन्धनको स्थापना सहित धेरै विश्वव्यापी पहलहरू गरेको छ।

## Paris Olympic

पेरिस अलम्पिक आजबाट सुरु हुँदै छ। सेन नदीको किनारमा सम्पन्न हुने उद्घाटन समारोहसँगै खेलको औपचारिक उद्घाटन हुनेछ। भारतीय समयअनुसार राती 11 बजेदेखि यो समारोह सुरु हुनेछ। यस वर्ष, पेरिस अलम्पिकले 1924 अलम्पिक खेलहरूको शताब्दी मनाउनेछ। दोस्रो अलम्पिक खेल सन् १९०० मा पेरिसमा भएको थियो। अलम्पिकको इतिहास हेर्दा पेरिसलाई अलम्पिकको इतिहासमा भारतीय टोलीका लागि भाग्यशाली ठाँउ मानिन्छ। वास्तवमा, भारतीय टोलीले फ्रान्सको राजधानीमा पहिलो पटक पदकको खाता खोलेको थियो।, भारतीय खेलाडी नर्मन प्रिचर्डले सोही स्थानमा भएको १९०० अलम्पिकमा २०० मिटर हर्डल्स र २०० मिटर स्प्रिन्टमा रजत पदक जितेका थिए। यस वर्षको पेरिस अलम्पिकमा भारतको तर्फबाट शरथ कमल र पी.वी. सिन्धु परेडमा ध्वजवाहकका रूपमा देशको प्रतिनिधित्व गर्नेछन्।

**Crickt-Asia Cup**

भारत महिला एसिया कप टी-20 क्रिकेटको फाइनलमा प्रवेश गरेको छ। आज भएको पहिलो सेमिफाइनलमा भारतले बंगलादेशलाई १० विकेटले पराजित गरेको छ। भारतले ११ ओभरमा कुनै विकेट नगुमाई 81 रनको लक्ष्य पूरा गरेको छ। त्यसअघि टस जितेर ब्याटिङ रोजेको बंगलादेशले २० ओभरमा ८ विकेट गुमाएर ८० रन मात्रै बनाउन सकेको थियो। दोस्रो सेमिफाइनलमा आज साँझ ७ बजे श्रीलंका र पाकिस्तान भिड्दै छन्। फाइनल खेल आइतबार हुनेछ।

**अन्त्यमा प्रमुख समाचार पुन: एकपटक**

- आज देशभरि कारगिल विजय दिवस पालन
- भोली प्रधानमन्त्रीले परिचालनक परिषद बैठकको गर्नुहुनेछ अध्यक्षता
- विदेशमन्त्रीद्वारा आसियना-भारत विदेश मन्त्रीहरूको बैठकलाई सम्बोधन
- सर्वोच्च अदालतले 29 जुलाईदेखि सुरु गर्दै छ विशेष लोक अदालत सप्ताह
- पेरिस अलम्पिक 2024 आजदेखि सुरु हुँदै